

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ १० गते बुधबार ❑ 24 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## नीति कार्यक्रम राष्ट्रिय सहमतिको दस्तावेज : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ९ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नीति तथा कार्यक्रमले देशका सामु विद्यमान चुनौतीको समाना गर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने उद्देश्य लिएको बताउनुभएको छ।

यही जेठ ५ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा पेस भएको आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति कार्यक्रममाथिको छलफलमा सदस्यहरूले उठाउनुभएको प्रश्नको जवाफमा उहाँले नीति तथा कार्यक्रम राष्ट्रिय सहमतिको दस्तावेजका रूपमा रहेकाले युगान्तकारी दिशामा अगाडि बढ्ने सन्दर्भमा कोसेढुङ्गा सावित हुने बताउनुभयो।

"यो नीति कार्यक्रम सबैको राष्ट्रिय सहमतिको दस्तावेज बन्न गएको छ", उहाँले भन्नुभयो, "हिजो प्रतिपक्ष र सत्तापक्षमा रहेकाको तथा आज सत्तापक्ष र प्रतिपक्षमा रहेकाको विचार, धारणा, सैद्धान्तिक प्रतिबद्धता र साझा न्यूनतम कार्यक्रम यसमा समेटिएका छन् ।" प्रधानमन्त्री दाहालले गणतन्त्र, समाजवाद उन्मुख अर्थतन्त्र र समावेशी शासन प्रणाली संस्थागत गर्ने ध्येयका साथ प्रस्तुत नीति कार्यक्रम गन्तव्यहीन छ भन्नु बिल्कुल तर्कसङ्गत नरहेको बताउनुभयो। "नीति तथा कार्यक्रमको गन्तव्य प्रष्ट छ, सरकारका प्रमुख नीतिगत प्राथमिकताका विषयलाई समेटिएको छ", उहाँले भन्नुभयो।

उहाँले नीति कार्यक्रममा दीर्घकालीन सोच मात्र नभई त्यसलाई व्यवहारमा उतार्न अवलम्बन गरिने प्रमुख प्राथमिकता र रणनीति पनि स्पष्टसँग परिभाषित गरिएको बताउनुभयो। विभिन्न आन्तरिक तथा बाह्य कारणले अर्थतन्त्र विविध चुनौतीको बीचबाट गुज्रिरहेको उल्लेख गर्दै उहाँले धेरै महत्त्वाकाङ्क्षी भएर नीति कार्यक्रम ल्याउनु व्यावहारिक नहुने बताउनुभयो। प्रस्तुत दस्तावेजमा कार्यान्वयनयोग्य विषयलाई उच्च प्राथमिकता दिइएको प्रधानमन्त्रीको भनाइ छ।

आगामी आर्थिक वर्षमा गर्न सकिने कुरालाई आधार बनाएर नीति कार्यक्रम तयार गरिएको उहाँको प्रष्टोक्ति थियो। "नीति तथा कार्यक्रम कल्पनाको 'पुलिन्दा' होइन, कार्यान्वयनयोग्य र प्राथमिकता दिइएका विषयको सूची र संहिता पनि हो। यसको प्रभावकारी कार्यान्वयन गर्न सरकार पूर्ण प्रतिबद्ध छ", प्रधानमन्त्री दाहालले भन्नुभयो। नीति तथा कार्यक्रममा आर्थिक सामाजिक रूपान्तरणका नवीन सोच र कार्यक्रम समेटिएको जनाउँदै प्रधानमन्त्री दाहालले विगतका राम्रा कामलाई निरन्तरता दिइएको बताउनुभयो। उहाँले मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशको विकासका लागि बजेट विनियोजनका क्रममा उच्च प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो। सुशासनको पक्षलाई दृढताका साथ अगाडि बढाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले मुलुकमा विद्यमान सबैखाले विकृति र विसङ्गतिको अन्त्यका लागि गम्भीररूपले दृढ इच्छाका साथ अगाडि बढको बताउनुभयो।

कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालको हो भन्नेमा सरकार प्रष्ट रहेको जनाउँदै उहाँले उपलब्ध कागजात र दस्तावेजका आधारमा कूटनीतिक माध्यमबाट यस विषयलाई सम्बोधन गरिने बताउनुभयो। सङ्घ, प्रदेश र स्थानीय तहलाई समन्वय र सदृढ गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्रीले लोकतन्त्र र सुशासनको अनुभूति तल्लो तहसम्म पुऱ्याउने बताउनुभयो।

बजेट खर्चको दोहोरोपनलाई अन्त्य गर्न नीतिगत र कानूनी व्यवस्था गरिने उहाँको भनाइ छ। प्रधानमन्त्री दाहालले भन्नुभयो, "प्रस्तुत नीति तथा कार्यक्रममा सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई परिपूरक र सुदृढ बनाउँदै सङ्घीयता कार्यान्वयनमार्फत लोकतन्त्रको सुदृढीकरण, समावेशीकरण, सामाजिक सुरक्षा, लोककल्याणकारी कार्यलाई स्थानीय तहसम्म पुऱ्याई राज्य संयन्त्रमा सबै नागरिकको समान सहज पुहँच पुऱ्याउने नीति लिइएको छ।"उहाँले तीन तहमा रहेको कामको दोहोरोपन र अधिकारको प्रयोगमा रहेको द्विविधालाई सम्बोधन गर्न आवश्यक नीतिगत र कानूनी सुधार गरिने बताउनुभयो। प्रधानमन्त्री दाहालले यससम्बन्धमा संविधान तथा कानूनमा भएका तर निष्क्रिय रहेका विभिन्न संरचनालाई क्रियाशील तुल्याइने बताउनुभयो। वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउँदै, वित्तीय हस्तान्तरणलाई कार्यसम्पादनसँग आबद्ध गर्ने विषय पनि कार्यक्रममा समेटिएको उहाँको भनाइ छ। अर्थतन्त्रका विभिन्न चुनौतीलाई सम्बोधन गर्न आर्थिक पुनःउत्थान र पुनः सबलीकरणका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अर्थतन्त्रको पुनः संरचनालाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो।

"कृषि, उद्योग तथा सेवा क्षेत्रलाई सन्तुलित तवरले अगाडि बढाउने विषयलाई जोड दिइएको छ, उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा रोजगारी सिर्जना गरी स्वावलम्बी अर्थतन्त्र निर्माण गर्ने सोच नीति कार्यक्रमको आत्मा हो", उहाँले भन्नुभयो।

## पोखरामा प्रदेशका मुख्यमन्त्रीहरुको भेला स्थगित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

गण्डकी प्रदेशको राजधानि पोखरामा प्रदेशका मुख्यमन्त्रीहरुको भेला हाल स्थगित भएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको समन्वयमा पोखरामा दोश्रो पटक प्रदेशका मुख्यमन्त्रीहरुको भेला हुने अन्तिम तयारी कै क्रममाा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड काम विशेषले गर्दा कार्यक्रममा सहभागि नहुने भए पछि हाल उक्त कार्यक्रम स्थगित भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ। देश संघियतामा गएसंगै संघिय सरकारले प्रदेश सरकारलाई दिनुपर्ने अधिकार दिन नसकेको सन्दर्भमा प्रदेशका मुख्यमन्त्रीहरु एकै स्थानमा भेलाभई संयुक्त रुपमा संघिय सरकारसंग अधिकार माग गर्ने गरी उक्त कार्यक्रम आयोजना गर्न लागिएको श्रोतको भनाई छ। मुख्यमन्त्रीको निजी सचिवालयका प्रेस संयोजक नरहरि सापकोटाद्धारा हस्ताक्षरित प्रेस विज्ञेप्ति मार्फत जेठ १० गते हुने भनिएको अन्तर प्रदेश मुख्यमन्त्री बैठक तत्कालको लागि स्थगित भएको उल्लेख गरिएको छ। यस अघि २०७५ भदौं २१ र २२ गते तत्कालिन गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ नेतृत्वले प्रदेशका मुख्यमन्त्रीहरुको भेला अर्थात अन्तरप्रदेश समन्वय समिति बैठक बसेको थियो। त्यस पश्चात हालसम्म कुनै प्रदेशका मुख्यमन्त्रीहरुको भेलाको आयोजना भएको छैन्।

प्रदेश सरकारले जग्गा प्राप्ती, प्रहरी प्रशासन, ऋण लिने कानूनि व्यबस्था लगायतका समस्याले गर्दा प्रदेशका गौरवका योजना तथा प्रदेशले चाहेर पनि कतिपय योजनाहरु प्रभावित हुने भएको मुख्यमन्त्रीहरुले गुनासो गर्दै आएका छन्।

## दमौली अस्पतालको क्षमता स्तरोन्नति गरिनेछ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
दमौली, ९ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दमौली अस्पतालको क्षमता स्तरोन्नति गरिने बताउनुभएको छ।

दमौली अस्पताल व्यवस्थापन समितिका पदाधिकारीसँगको आज भएको छलफलमा मुख्यमन्त्री पाण्डेले अस्पतालको क्षमता स्तरोन्नतिका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

म ु ख य म न्त्री पाण्डेले सदरमुकाममा अवस्थित अस्पतालको सेवा विस्तार अतिआवश्यक रहेकाले यसलाई एक सय शय्यामा विस्तार गरिने बताउनुभयो। दमौली अस्पतालले जिल्लाका मात्र नभई छिमेकी जिल्लाका सर्वसाधारणलाई पनि सेवा दिइरहेकाले यसको स्तरोन्नति अति आवश्यक भइसकेको बताउनुभयो।

अस्पतालमा बढ्दो चापसँगै उक्त अस्पताललाई विस्तार गर्नुपर्ने अवस्था रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले बताउनुभयो। अध्यक्ष थापाले गण्डकी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री पाण्डेले अस्पतालको वर्तमान अवस्थाबारे गराउनुभएको थियो। विसं २०५९ मा अस्पतालको रुपमा स्तरोन्नति भएको अस्पतालले दमौली मात्र नभई छिमेकी जिल्लाका बासिन्दालाई सेवा दिइरहेको उहाँको भनाइ छ। तीव्र सहरीकरण र बढ्दो जनसङ्ख्यासँगै अस्पतालले उक्त शय्यामा सेवा दिने अवस्था छैन। अस्पतालको स्तरोन्नतिका लागि पटक-पटक प्रयास भए पनि त्यसले मूर्तरुप लिन सकिरहेको छैन। हरेक पटक सरकार परिवर्तन हुँदा अस्पताल व्यवस्थापन समितिले अस्पतालको क्षमता स्तरोन्नतिका लागि पहल गर्दै आइरहेको छ। "अस्पतालको विस्तार गर्नुपर्ने अति आवश्यक भइसकेको छ, बिरामीको चाप बढ्दो छ, अहिल्यैकै अवस्थामा सेवा प्रवाह गर्न कठिनाइ भइरहेको छ", थापाले भन्नुभयो, "मुख्यमन्त्रीलाई भेटेरै ध्यानाकर्षण गराएका छौं।"

अस्पताल विस्तारका लागि सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँको स्वामित्वमा रहेको जग्गा अस्पताल विस्तारका लागि प्रदान गर्ने निर्णय गरिसकेको छ। कृषि ज्ञान केन्द्रको दुई रोपनी र पशु सेवा विज्ञ केन्द्रको डेढ


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पक्राउ परेका १६ जनालाई हिरासतमा राख्न दुई दिन म्याद थप

**रासस**
काठमाडौं, ९ जेठ

जिल्ला अदालत काठमाडौँले नक्कली भूटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ जनालाई दुई दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार म्याद थपका लागि अदालतमा पेश गरिएकोमा हिरासतमा राख्नका लागि अदालतबाट थप दुई दिन म्याद पाएको हो।

थपिएको दुई दिनको म्यादभित्रमा अब जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नुपर्छ। शरणार्थी प्रकरणमा प्रहरीले पूर्वमन्त्री र बहालवाला सचिवसहित १६ जनालाई पक्राउ गरेको छ। उक्त घटनामा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, निलम्बित सचिव (पूर्व गृहसचिव) टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा इन्द्रजीत राईलाई विभिन्न मितिमा पक्राउ गरी हिरासतमा राखेको छ।

अन्य पक्राउ परेकामा भूटानी शरणार्थी नेता टेकनाथ रिजाल, नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय सचिव


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## १० हजार किलो पोखरेली जेठोबुढोको बीउ वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

पोखरा महानगरपालिकाले १० हजार किलो पोखरेली जेठोबुढो धानको बीउ कृषकलाई वितरण गरेको छ।

विभिन्न कृषक समूहबाट खरिद गरी ५० प्रतिशत अनुदानमा १० हजार किलो पोखरेली जेठोबुढो धानको बीउ वितरण गरिएको पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

महाशाखाले समूहबाट प्रतिकिलो रु दुई सयमा खरिद गरी ५० प्रतिशत अनुदान दिएर रु एक सयमा कृषकलाई उपलब्ध गराएको उहाँले बताउनुभयो। कृषक समूहबाट उत्पादित बीउ गण्डकी प्रदेश बीउविजन प्रयोगशालाले परीक्षण गरी प्रमाणीकरण गरेको छ।

पोखराको रैथाने धान जेठोबुढो यहाँको मौलिक कृषि उपज मानिन्छ। फेवातालको सिरान पामे सबैभन्दा बढी जेठोबुढो झुल्ने फाँट हो। अर्मला, आर्वा, कुँडहरका साथै लेखनाथका गगनगौँडा, बेलबुटे, मालमूल, पटनेरीलगायत विभिन्न फाँटमा यो धान पर्याप्त फल्छ। मगमग बास्नाका साथै स्वादिलो जेठोबुढोको माग पछिल्लो समयमा पोखरासहित देशका प्रमुख सहरमा हुने गरेको छ। जेठोबुढोका डल्लो, लामो, ढल्ने, गाँज ठूलो हुनेजस्ता विभिन्न प्रजाति छन्।

न धेरै गर्मी र न धेरै जाडो हुने लेखनाथका खास्टे, दिपाङ, रुपालगायत तालको किनारामा पनि जेठोबुढो धान लगाउने गरिएको छ। भरतपोखरीको सुरौदी, कुर्लिङ, चवादीलगायत ठाउँका कृषक पनि विस्तारै यसतर्फ आकर्षित हुन थालेका छन्। जेठोबुढोका लागि पर्याप्त सिँचाइ आवश्यक पर्छ। सिँचाइ अभावका कारण कृषकले चाहेर पनि धेरै ठाउँमा उक्त धान फलाउन सकेका छैनन्।

विजयपुर खोला, सेती नहर र बेगनास तालबाट सिँचाइ हुँदै आएको कास्कीको खेतीयोग्य जमिन ६८ हजार नौ सय ६७ हेक्टर छ। स्वादिलो र उचित मूल्य पाउने भएकाले कृषक जेठोबुढो धानतर्फ आकर्षित बनेको कृषकहरू बताउँछन्।

पोखरेली जेठोबुढोको बीउको माग गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, पाल्पा, गुल्मी, बागलुङ, पर्वत, म्याग्दीलगायत जिल्लामा पनि हुने गरेको छ। सुधारिएको पोखरेली जेठोबुढोको बीउ कृषकका लागि विसं २०६७ मा सिफारिस गरिएको थियो। यसको २०६८ देखि उत्पादन सुरु भएको थियो। यसको उत्पादन क्षमता प्रतिहेक्टर तीनदेखि ३ दशमलव ५ मेट्रिकटन रहेको छ। पोखराको वडा नं २३ स्थित ठूला खेत कृषक समूह, वडा नं १६ स्थित हिमालय कृषि फर्म, वडा नं १३ स्थित नमूना प्राङ्गारिक कृषि सहकारी, वडा नं २६ स्थित ढले पिपल कृषक समूह, दीपशिखा महिला सहकारी, पोखरा २२ स्थित सफल महिला कृषक समूह, पोखरा ३० स्थित लक्ष्मी सीप सेन्टरलगायतकृषकसमूहपोखरेली जेठोबुढोको बीउ उत्पादनमा केन्द्रित बनेको महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो।




# पोखरा १५, ३०, १४ र २७ वडास्तरीय फुटबलको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ



पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा जारी वडास्तरीय फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। मंगलबार आठ वटा खेलबाट सेमिफाइनल पुग्ने चार वडाको टुंगो लागेको छ।

पोखरा-१५, पोखरा-३०, पोखरा-१४ र पोखरा-२७ को टिम अन्तिम चारमा पुगेको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए। मंगलबार भएको खेलमा वडा नम्बर १५ ले वडा नम्बर १३ लाई ४-१, वडा नम्बर ३० ले वडा नम्बर ८ लाई ३-२, वडा नम्बर १४ ले वडा नम्बर ३२ लाई २-०, वडा नम्बर २७ ले वडा नम्बर-२४ लाई ४-३ गोलान्तरले हराए। यी चारमध्ये दुई टिम बुधबार हुने सेमिफाइनलबाट फाइनल प्रवेश गर्ने छन्। पहिलो सेमिफाइनल वडा नम्बर १५ र ३० बीच बिहान ८ बजे र दोस्रो सेमिफाइनल वडा नम्बर १४ र २७ बीच बिहान १० बजे पोखरा रंगशालास्थित फुटबल मैदानमा हुनेछ। कास्की जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा भइरहेको प्रतियोगितामा पोखरा महानगरपालिकाका ३३ मध्ये ३० वडाको सहभागिता छ। विजेता वडाले एक लाख ५० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने छ। उपविजेता हुने वडाले एक लाख रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउने सदस्य सचिव खड्काले जानकारी दिए। सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार रूपैयाँ र उत्कृष्ट डिफेन्डर, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उत्कृष्ट प्रशिक्षकलाई ५-५ हजार रूपैयाँसहित ट्रफी र प्रमाणपत्र पुरस्कार दिइने छ। फाइनल खेल बिहीबार बिहान ११ बजे पोखरा रंगशालास्थित फुटबल मैदानमा हुनेछ।

# प्रेस युनियन कास्कीको अध्यक्षमा बासुदेव मित्र

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ



नेपाल प्रेस युनियन कास्की शाखाको अध्यक्षमा बासुदेव मिश्र चयन भएका छन्। आईतबार पोखरामा सम्पन्न १० औं जिल्ला अधिबेशनले मिश्रको नेतृत्वमा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो।

मिश्र ढोरपाटन न्युज डटकम तथा ढोरपाटन दैनिक पत्रिकाका पोखरा व्युरो प्रमुख हुन्। प्रेस युनियन कास्कीको उपाध्यक्षमा बिजय लम्साल र ज्योती हमाल, सचिवमा धनबहादुर गुरुङ, कोषध्यक्षमा निराजन अधिकारी र सह-सचिवमा सपना अधिकारी चयन भएका छन्। सदस्यहरुमा अजय क्षेत्री, बिबेक ढुंगाना, रोवर्ट घिमिरे, सञ्जय आचार्य, शिव प्रसाद न्यौपाने, अभिनन्दन बानिया, चेतबहादुर थापा, प्रतिभा सापकोटा, देविका तामाङ, सविन बिक र बल बहादुर रोका मगर चयन भएका छन्।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु, एक घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

पोखरामा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको भने एक घाइते भएका छन्।

मंगलबार विहान भएको दुर्घटनामा घाइते मोटरसाइकलमा सवार काठमाडौं कपनका १८ वर्षीय सफल खतिवडाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

चालक तनहुँको म्याग्दे गाउँपालिका-४ थर्पु बस्ने १७ वर्षीय सङ्गम बानियाँको टाउको र घाँटीमा चोट लागेको छ। पोखरा महानगरपालिका-६ खहरेचोकस्थित हल्लनचोकबाट गैह्राकोचौतारातर्फ जाँदै गरेको ग२४प ३१० नंको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकको छेउमा रहेको बिजुलीको पोलमा ठोक्किएको थियो।

वडा प्रहरी कार्यालय बैदामबाट गएको प्रहरी टोलीले घाइतेलाई उद्धार गरी उपचारका लागि मेट्रोसिटी अस्पताल पठाएको थियो।

प्रहरीले दुर्घटनाको अनुसन्धान भइरहेको जनाएको छ। दुर्घटनामा परेको मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको बताइएको छ।

# कागेश्वरी मनोहरा नगरपालिको फुटवल टोली मुक्तिनाथ मन्दिर हुदै पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ



काठमाडौंको कागेश्वरी मनोहरा नगरपालि का को फुटवल टोली मुक्तिनाथ मन्दिर हुदै पोखरा रंगशालाको अध्ययन अवलोकन गरेको छ।

कागेश्वरी मनोहरा नगरपालिका फुटवलको एक टिम बागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष सुरज खड्का सहितको टोली मुस्ताङको मुक्तिनाथ मन्दिर र पोखरा रंगशालाको अध्ययन अवलोकन गरेको वडा सदस्य महेश्वर श्रेष्ठले बताए। केही समय अघि कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर २ ले आयोजना गरेको अन्तर वडा फुटवल प्रतियोगिताबाट छनौट भएका १६ जना खेलाडी सहित १९ जना टोलीमा सहभागि भएका हुन्।

टोलीले पोखरा रंगशालाको १ अर्ब २८ करोडको लागतमा निर्माण भएको फुटवल स्टेडिएम सहितको रंगशालाको भौतिक संरचना, पोखरामा जारी वडा कप फुटवल प्रतियोगिताको समेत अवलोकन गरेको हो।

टिमको व्यबस्थापकमा भने प्रविन फुयाल रहेका थिए।

## पक्राउ...

नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीपसहित केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टङ्क गुरुङ, गोविन्द चौधरी र रामशरण केसी छन्।

पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतिक, इन्द्रजित राईका छोरा नीरजसहित १७ जना फरार रहेको भन्दै ३३ जना विरुद्ध ठगी, सङ्गठित अपराध र राज्यविरुद्धको अपराधमा मुद्दा चलाउनुपर्ने रायसहित सोमबार प्रहरीले आफ्नो प्रतिवेदन सरकारी वकिललाई बुझाइसकेको छ। उक्त घटनामा एक सय १३ जनाले साढे २७ करोड ठगी भएको भनी २२ वटा जाहेरी प्रहरीमा दर्ता गरेका थिए।

# सिमसार जोगाउन ज्ञापनपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

फेवातालको आसपासको सिमसार जोगाउन वातावरण संरक्षणका लागि महाअभियान कास्कीले माग गरेको छ।

संस्थाका संस्थापक संयोजक रामबहादुर पौडेल र नागरिक समाज कास्कीका तर्फबाट संयोजक नरेन्द्रमान लालचनले यस सम्बन्धमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसमक्ष फेवातालको माथिल्लो तटीय क्षेत्रमा सिमसार क्षेत्र पुर्ने गतिविधि रोक्न ज्ञापनपत्र बुझाउनुभएको हो।

तलमाथिको क्षेत्र पोखरा वडा १८, २२, २३ र २४ (सेदी, चङ्खपुर, पामे)का प्राकृतिक सम्पदाका रूपमा रहीआएका हरियाली डाँडा खारेर सिमसार क्षेत्र पुर्ने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै यसमा सङ्लग्नलाई कारबाहीको मागसहित ज्ञापनपत्र बुझाइएको संयोजक रामबहादुर पौडेलले जानकारी दिनुभयो।

ज्ञापनपत्रमा विसं २०३१ सालसम्म तालको पानीको भू-भाग पामे नजिकैको चङ्खपुरसम्म फैलिएको स्मरण गराइएको छ। ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले साल वरिपरिको डाँडा खार्न रोकी सिमसार क्षेत्रको संरक्षणको विषयलाई तत्काल कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाउनुभएको छ।

# एकदिवसीय विश्वकप छनोटमा नेपाल समूह 'ए' मा

**रासस**
काठमाडौं, ९ जेठ

जिम्बावेमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ। आइसिसीले मंगलबार सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल समूह 'ए' मा परेको हो।

नेपालको समूहमा वेस्ट इन्डिज, आयोजक जिम्बावे, अमेरिका र नेदरल्यान्ड्स छन्। त्यस्तै, समूह 'बी' मा ओमान, श्रीलङ्का, स्कटल्यान्ड, आयरल्यान्ड र संयुक्त अरब इमिरेट्स (युएई) छन्। आगामी असार ३ गतेदेखि असार २४ सम्म जिम्बावेमा आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न १० राष्ट्रले भाग लिनेछन्। समूह चरणमा प्रत्येक राष्ट्रले चार खेल खेल्नेछन्। समूह चरणबाट आ-आफ्नो समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्समा एउटा समूहले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्नेछन्। सुपर सिक्सको शीर्ष दुईभित्र रहने टोली आगामी अक्टोबरमा भारतमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकपमा छनोट हुनेछन्।

प्रतियोगिताका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले सोमबार २२ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेको छ। टोलीमा कप्तान रोहितकुमार पौडेल, कुशल भुर्तेल, आशिफ शेख, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, दीपेन्द्रसिहं ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, प्रतिश जिसी, ललितनारायण राजवंशी, अर्जुन साउद, सन्दीप जोरा, देव खनाल, किशोर महतो, सूर्य तामाङ, कमलसिंह ऐरी, श्याम ढकाल र कुशल मल्ल छन्।

# सरकारी संरचनामा स्वदेशी काठ प्रयोग गर्नुपर्ने

**पोखरापत्र संवाददाता**
बलेवा, ९ जेठ

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्र थापाले वन क्षेत्रमा कुहिने काठहरूलाई प्रयोगमा ल्याउनुपर्ने बताउनुभएको छ।

वनको उपयोगमार्फत आयआर्जनमा वृद्धि गर्नुपर्ने भन्दै मन्त्री थापाले गण्डकी प्रदेश सरकार छिट्टै वन ऐन ल्याउने तयारीमा रहेको बताउनुभयो।

"म मन्त्री भएपछि २१ दिनभित्र वन ऐन तयार गर्न कार्यदल बनेको छ, ऐन ल्याउने र वनको संरक्षण र उपयोग दुवै गर्नुपर्ने पक्षमा छौं", थापाले भन्नुभयो, "ऐन आएपछि नियम बन्छ र तत्काल कार्यान्वयनमा जान्छ।"

मन्त्री थापाले विद्यमान कानूनहरूका कारण वनमा काठहरू कुहिने र खेर जाने तर निर्माण कार्यमा आवश्यक काठको साटो विदेशी सामग्री आयात गरेर ल्याउनुपर्ने बाध्यता रहेको बताउनुभयो। उहाँले अब बन्ने सरकारी संरचनाहरूमा कम्तीमा स्वदेशी काठको प्रयोग गर्न सके काठको ठाउँमा प्रयोग हुने कच्चा सामग्रीहरूको खरिदमा विदेशिने करोडौं रकम बचत हुने बताउनुभयो।

थापाले वन क्षेत्रमा रहेका काठजन्य र वातावरणमैत्री रूखहरूको संरक्षण गर्दै जडीबुटीको खेती गर्नुपर्नेमा जोड दिनुभयो।

## दमौली...

रोपनी जग्गा अस्पतालका लागि भोगचलन गर्न प्राप्त भएको छ। तर त्यसका लागि सम्झौता गर्न बाँकी छ।

उक्त जग्गाको सम्झौताका लागि पहल गरिदिन प्रदेश सरकारकै कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीलाई भेटेर अनुरोध गरिएको छ। अस्पताल व्यवस्थापन समितिको टोलीले अस्पतालको नयाँ भवनको डिपीआरका लागि भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रेशमबहादुर जुग्जालीसमक्ष माग गरेको छ। त्यस्तै सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिङ्खडालाई भेटेर अस्पतालमा हेमोडायलासिस सेवा र विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न माग गरिएको छ। विसं २०३४ मा स्वास्थ्यचौकीको रुपमा स्थापना र विसं २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालको रुपमा स्तरोन्नति भएको थियो।

अस्पतालमा फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायत सेवा विस्तार भइसकेको छ।

साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ। अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याव्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवासमेत प्रदान गर्दै आइरहेको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# कर्मकाण्डी बन्दै संसद

सरकारको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम प्रतिनिधिसभामा छलफल जारी छ। सरकारले जेठ ५ गते प्रस्तुत गरेको नीति तथा कार्यक्रम राष्ट्रिय सभाबाट पारित भएको छ । प्रतिनिधिसभाको बैठकमा विपक्षी दलका नेता केपी शर्मा ओलीले राखेको विचारमा टीका टिप्पणी भएको छ । बैठकमा कस्ले भाग लियो भन्दा ठूला नेताले के बोले त्यसकै वरिपरि वाद प्रतिवाद हुने गरेको छ।राष्ट्रपतिले संबोधन गर्दा सांसदहरूको उपस्थिति अनिवार्य गरिने हुँदा उपस्थिति खचाखच हुने गर्छ। दलले ह्विप जारी नगरेको बेला उपस्थिति कमजोर हुने गरेको छ। विपक्षी दलको नेता बोल्दा र प्रधानमन्त्रीले जवाफ दिँदा गडबड नहोस् भन्नेतर्फ सबैको आँखा खुल्ने गर्छ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्ने बेलामा संघीय संसदका अधिकांश सांसद सहभागी हुने।जब सांसदका मुद्दा विर्सिदा समाज नै पछि देशमा आगामी बजेट बनाउने मार्ग तथा भविष्यको ‘खाका’ मानिने सरकारको नीति तथा कार्यक्रमको छलफलमा सहभागिता जनाउन सांसदहरू नै उत्साही नदेखिएको सदनको उपस्थितिले जनाउँछ । सांसदहरूले उठाएका सवाल तथा महत्वपूर्ण छलफलमा मन्त्रीसमेत अनुपस्थित भएको भन्दै सदनमा पटकपटक आलोचना भइरहेको छ । हिजोआजको उपस्थितिले भत्ता पचाउनमात्र सांसदहरू हाजिर गर्न जाने गरेको धेरैको टिप्पणीलाई बल पुगेको छ।

२७५ सांसद रहेको प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथि जारी छलफलमा सांसदको उपस्थिति नगण्य हुन्छ। त्यो पनि सत्ता पक्ष र प्रतिपक्षका सांसदहरू रचनात्मक बहसको सट्टा जुहारीमै बैठक बित्छ। मुद्दामा केन्द्रीकृत भएर वहस नहुँदा बोलेर हिड्ने चलन नै बन्ला जस्तो भएको छ।संसदमा हुने वहस र विचार मुद्दा केन्द्रीत छैन ।कर्मकाण्ड जस्तै हुने गरेको छ।रचनात्मक सुझाव नलिने, गलत कुरा हटाउन तयार नहुने हो भने बैठकप्रति जन आकर्षण घट्छ । सोमबार छलफलमा सहभागी सांसदहरूको उपस्थितिलाई हेरेर संसदमा बोल्नु रेकर्डको लागि मात्रै भएजस्तो भइरहेको रास्वपा सांसद डोलप्रसाद अर्यालले टिप्पणी गरे।

उनले भने, ‘नीति तथा कार्यक्रममाथि आफ्नो धारणा राख्न उपस्थित भएको छु। तर, सदनको खाली कुर्सी हेर्दा आफू पनि रोष्ट्रममा आएर बोल्नु रोष्ट्रमकै अपमान गरेको जस्तो लाग्छ। घरमै बसेर ऐनामा हेरेर पेनड्राइभमा रेकर्ड गरेर सचिवालयमा बुझाइदिए हुने हो कि भन्नेजस्तो लाग्छ। २७५ जनाबीच हुने र सुन्ने र सुनाउने नीति तथा कार्यक्रमको छलफल रेकर्डको लागि मात्रै बोलिरहेको जस्तो लाग्छ ।’ सभामुख देवराज घिमिरेले वैशाख ३१ गते कार्यव्यवस्था परामर्श समितिको बैठकमा पनि सांसदहरूलाई संसदमा उपस्थित गराउन निर्देशन गरेका थिए । तर, त्यो सभामुखको प्रयास पनि सफल भएन। आइतबार एमाले अध्यक्ष ओलीसहित शीर्ष नेताहरूले आफ्नो धारणा राख्ने तय भएकाले केही उपस्थित भएपनि मंगलबा शुरुमा केही सांसद देखिए तर सोमबार त्यो देखिएन।

सोमबारको बैठकको अन्त्यसम्ममा सदनमा जम्मा ३२ जनामात्रै देखिएको भन्दै रास्वपाले फेसबुकमा लेखेको छ । रास्वपाले बैठकको अन्तिमसम्म आफ्नो पार्टीका ६, कांग्रेसका ९, एमालेका ७, माओवादीका ५, नेकपा एसका १ र अन्य २ सांसदमात्र रहेको बताएको छ । सरकारकै नीति तथा कार्यक्रममाथिको छलफलको हुँदैगर्दा अन्त्यसम्म २ जना मन्त्री मात्रै रहेको उल्लेख गरेको छ। आफ्ना २१ जनामध्ये जम्मा ६ जना सांसदको मात्रै उपस्थिति भएको विषयलाई गम्भीररूपमा लिएको भन्दै रास्वपाले क्षमा मागेको छ। पार्टीले फेसबुकमा लेखेको छ, ‘यसका लागि आम जनसमुदायसँग क्षमा पनि माग्न चाहन्छौं। आगामी दिनमा यस्तो हुन नदिन हामी पार्टीभित्रै विधि र पद्धति विकास गर्न लागिपरेको व्यहोरा सम्बन्धित सबैमा अवगतसमेत गराउन चाहन्छौं ।’ तेस्रो दिनको छलफलमा पनि सुरुमा केही सांसदहरू देखिए पनि पछि कम हुनु कर्मकाण्डी काम गराइले हो।

# लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारको ग्राण्ड ओपनिङमा प्रकाश सपुतको प्रस्तुती रहने

**पोखरापत्र संवाददाता**
पोखरा ९ जेठ

पोखराको अमरसिंह चोकमा रहेको होटल टास्कको तेस्रो आउटलेट लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारको ग्राण्ड ओपनिङ तथा फुड कार्निभलमा अहिलेका चर्चित लोकदोहोरी गायक प्रकाश सपुतको प्रस्तुती रहने भएको छ।

होटल टास्कको तीनवटै आउटलेटबाट न्युनतम खुद्रा मुल्यमा बियर बिक्री वितरण गर्दै आइरहेकोमा तेस्रो आउटलेट लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारको ग्राण्ड ओपनिङ आगामी जेठको १३ गते शनिबार चर्चित लोकदोहोरी गायक प्रकाश सपुतको प्रस्तुती रहने होटल टास्कका सञ्चालक मीन गुरुङले जानकारी दिए। “सबैको लागि लेकाली, संधैको लागि लेकाली” भन्ने उद्घोषका साथ सञ्चालित लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारबाट गण्डकी प्रदेशकै एकमात्र न्युनतम खुद्रा मुल्य गोर्खा ब्रुअरीको उत्पादनका टुबोग, गोर्खा (प्रिमियम) र काल्सबर्ग बियरहरु सहित पोर्क (कालो धराने बंगुरको परिकारहरु) मटन, चिकन र बफका परिकारहरु बिक्री गर्दै आइरहेको छ। खानाका परिकारहरु सहित स्थानीय उत्पादन कोदोको रक्सी (नारे पा) समेत ग्राहकको रोजाइमा पर्न सफल भएको छ।

कोभिड १९ का कारण आर्थिक मन्दी भई जनमानसमा पर्याप्त आम्दानी नभइरहेको बेला सेवामुलक व्यवसायमार्फत ग्राहकहरुलाई सर्वसुलभ मुल्यमा बियर र खानाका परिकारहरु पस्कदै आइरहेको समेत संचालक गुरुङले जानकारी दिए । शनिबार अपराह्न ४ बजेदेखि सुरु हुने ग्राण्ड ओपनिङ कार्यक्रममा बहुचर्चित गायक तथा मोडल प्रकाश सपुतसहित स्थानीय लोक ब्याण्डको समेत प्रस्तुती रहने छ । उक्त कार्यक्रममा प्रवेश शुल्क रु. १ हजारको टिकटको व्यवस्था गरिएको छ। उक्त टिकटमा एक क्यान वियर निःशुल्क उपलब्ध गराइने छ । गोर्खा ब्रुअरिको सहकार्य रहेको उक्त कार्यक्रमका सहभागी हुनका लागि पोखराको न्युरोडमा रहेको भाटभटेनी सुपर मार्केट, लेकसाइडको कफी ब्रेक र डुंगा रेष्ट्रो एण्ड लाउन्ज बार, चिप्लेढुंगामा रहेको रुपाहिल दोहोरी सांझ,लेकाली चुलो घर र होटल टास्कको तीनवटै आउटलेटका फेसबुक पेज अनलाइनबाट समेत टिकट खरिद गर्न सकिने छ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०२/०८

यस कार्यालयबाट मिति २०७६/०२/०१ मा कास्की जिल्ला पोखरा ३० मा संचालन गर्ने गरि रुपा ०४ कास्की निवासी स्पन बरेलीको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १४३२६/०७५/०७६ को के एस मेटल उद्योग नामक फर्मको प्रोप्राइटरले मिति २०८०/०२/०८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३, आर्वा-मौजा कुलायन मार्ग (कुलायन मार्ग स्तर उन्नती) गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** आर्वा-मौजा कुलायन मार्ग स्तर उन्नती
**उपभोक्ता समितिको नाम:** आर्वा-मौजा कुलायन मार्ग उपभोक्ता समिति, पोखरा-१३
**योजना सम्झौता मिति :** २०७९/११/२९
**योजना सुरु मिति :** २०७९/११/३०
**योजना सम्पन्न भएको मिति :** २०८०/०२/०८
**महानगरपालिका बाट प्राप्त :** ३,००,०००/-
**जनसहभागिता :** ३३,३३३/-
**योजनाको कुल लागत :** ३,३३,३३३/-

शरद चन्द्र बराल
अध्यक्ष
आर्वा-मौजा कुलायन मार्ग उपभोक्ता समिति
पोखरा-१३, कास्की

# बाढीपीडितले पाएनन् घर बनाउन राहत रकम

**पोखरापत्र संवाददाता**
गलकोट, ९ जेठ

बाढीपहिराले घर बगाएको बागलुङको ढोरपाटन नगरपालिकाका ८२ पीडितले सरकारबाट घर बनाउन पाउनुपर्ने अनुदानको दोस्रो किस्ताको राहत रकम अझै पाउन सकेका छैनन्।

विसं २०७७ भदौ १७ गते भुजीखोलामा आएको बाढीपहिरोका कारण पीडित बनेकाहरूले घर बनाउनका लागि प्राप्त गर्ने राहत रकम घर बनाइसक्दासमेत पाउन नसकेका हुन्। घर निर्माणपश्चात् ८२ बाढीपीडितले रु चार लाखका दरले पाउनुपर्ने रकममध्ये रु ५० हजारका दरले मात्रै पाएका छन्। घर निर्माण गरिसकेका बाढीपीडितले पाउनुपर्ने दोस्रो किस्ता सात महिनादेखि पाउन सकेका छैनन । ढोरपाटन नगरपालिकाले उचित पहल नगर्दा बाढीपीडितले पहिलो किस्ता रकम पाएको सात महिना बित्दासमेत दोस्रो किस्ता पाउन सकेका छैनन् । ढोरपाटन नगरपालिकाबाट दोस्रो किस्ताका लागि आवश्यक मागदाबी नआएका कारण पीडितलाई राहत दिन नसकिएको बागलुङका प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले जानकारी दिनुभयो । ढोरपाटनमा बाढी जाँदा ठूलो जनधनको क्षति भएको थियो। ३७ जनाले ज्यान गुमाएका थिए भने १५ जना बेपत्ता छन्। दोस्रो किस्ताका लागि मापदण्ड अनुसारको घर निर्माण भएको प्रमाणसँगै नगरपालिकाको सिफारिस आवश्यक छ। ढोरपाटन नगरपालिकाले दोस्रो किस्ताका लागि पीडितको प्रक्रिया नपुर्‍याउँदा सात महिनादेखि दोस्रो किस्ता रकम अड्किएको छ । नगरपालिकाले छिटो कानुनी प्रक्रिया पूरा गरेमा पीडितलाई रकम भुक्तानी गर्न समस्या नरहेको श्रेष्ठको भनाइ छ । विसं २०७७ मा बागलुङ मनसुनजन्य विपद् प्रभावित जिल्लाका रूपमा सूचीकृत भएकाले ढोरपाटनसहित बागलुङको जैमिनी नगरपालिका, बागलुङनगरपालिका, निसीखोला गाउँपालिका, ताराखोला गाउँपालिका र बडिगाड गाउँपालिकासहित ६ पालिकाका बाढी तथा पहिरो पीडितले घर बनाउनका लागि नेपाल सरकारले दिनुपर्ने राहत रकम अझै पूर्ण रूपमा पाउन सकेका छैनन् ।

जिल्ला प्रशासन कार्यालयले विपद्का लागि कर्मचारी नै खटाएर राहतका लागि सबै पालिकालाई आह्वान गरे पनि सबैभन्दा बढी पीडितहरू रहेको ढोरपाटन नगरपालिकाले दोस्रो किस्ताको रकम सात महिना बित्दासमेत दाबी गर्न नसकेको जिल्ला प्रशासन कार्यालयका विपद् संयोजक तेजराज गौतमले बताउनुभयो । दोस्रो किस्ताका लागि जैमिनी नगरपालिका र निसीखोलाबाट मात्रै माग दाबी भएको गौतमले बताउनुभयो । “सबैभन्दासमस्याग्रस्तक्षेत्रढोरपाटन हो, बाढीपीडतले तीन वर्षपछि घर बनाए तर राहतका लागि दोस्रो किस्ता बापतको रु दुई लाख दिन सकिएको छैन, नेपाल सरकारले प्रमाणका आधारमा मात्रै भुक्तानी दिने हो पालिकाबाट घर बनेको प्रमाणसहित माग आउन पर्‍यो, हामीले निरन्तर पालिकालाई ताकेता गरिरहेका छौँ”, गौतमले भन्नुभयो। ढोरपाटनका बाढीपीडितले दोस्रो किस्ताका बापत पाउनुपर्ने रु दुई लाखका दरले रु एक करोड ६४ लाख रकम भुक्तानी गर्न नसकिएको भन्दै जिल्ला प्रशासन कार्यालय बागलुङले २०७९ चैत २२ गते नगरपालिकामा पत्र पठाइसकेको छ । ढोरपाटन नगरपालिकाले बाढीपीडितले निर्माण गरेको घरको प्राविधिक मूल्याङ्कनका लागि प्राविधिक खटाउने तयारी गरेको छ। मूल्याङ्कन फाराम नपाउँदा विवरण सङ्कलनमा ढिलाइ भएको ढोरपाटन नगरपालिकाले जनाएको छ । ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद ज्ञवालीका अनुसार बाढीपीडितले निर्माण गरेको घरको प्राविधिक मूल्याङ्कनका लागि तत्कालै बाढी ग्रस्त क्षेत्रमा पाठाइने र मूल्याङ्कनपश्चात् जेठ महिनाभित्रै दोस्रो किस्ताको रकम मागका लागि जिल्ला प्रशासन कार्यालयमा पठाउने तयारी रहेको बताउनुभयो । बाढीपीडितहरूले सरकारले दिने अनुदानको आशले ऋण खोजेरै भए पनि घर निर्माण गरेका छन्। दोस्रो किस्ताबापत रु दुई लाख भुक्तानी गरेपछि पुनः घर सम्पन्नताको सिफारिस पछि तेस्रो किस्ता बापतको रु एक लाख ५० हजार भुक्तानी गरिने जिल्ला प्रशासन कार्यालय बागलुङले जनाएको छ। बाढीका कारण ढोरपाटनमा घरसँगै विद्यालय, सडक, खानेपानी, पुल तथा जलविद्युत् आयोजनामा क्षति पुर्‍याएको थियो। जिल्लामा ढोरपाटन नगरपालिकाका ८२ बाढीपीडितसहित बागलुङ नगरपालिकामा २९ परिवार, बडिगाड गाउँपालिकामा २२, ताराखोला गाउँपालिकामा नौ, जैमिनी नगरपालिकमा ३५ र निसीखोला गाउँपाकिलामा ३६ गरी दुई सय १३ बाढीपीडितले घर निर्माणका लागि रु चार लाख पाउने जिल्ला प्रशासनको तथ्याङ्कमा उल्लेख छ । पालिकाले बाढीपीडितको घर बनाउन प्राविधिक सहयोग, जग्गा व्यवस्थापन र आवश्यक कानुनी प्रक्रिया पूरा नगराउँदा हालसम्म दुई सय १३ बाढीपीडितले दोस्रो किस्ता प्राप्त गर्न सकेका छैनन्।

# अब हरेक असोज २ गते राष्ट्रिय शिक्षा दिवस

**रासस**
काठमाडौं, ९ जेठ

नेपाल सरकारले ‘अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५’ प्रमाणीकरण भएको मितिलाई आधारमानी अबदेखि हरेक असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउने भएको छ। मन्त्रिपरिषद्को आजको बैठकले सो निर्णय गरेको हो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले संविधानको मौलिक हकको मर्मअनुसार आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा दिलाउनु राज्यको दायित्व भएको सन्दर्भमा त्यससम्बन्धी विधेयक प्रमाणीकरण भएको मितिमा राष्ट्रिय शिक्षा दिवस मनाउन उपयुक्त हुने प्रस्ताव मन्त्रिपरिषद्मा पठाइएको बताउनुभयो । संघीय संसद्को दुवै सदनबाट पारित सो विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७५ असोज २ गते प्रमाणीकरण गर्नुभएको थियो। विसं २०३१ देखि ‘शिक्षाको उज्यालो घामबाट कोही पनि वञ्चित हुन नपरोस’ भन्ने आदर्श वाक्यका साथ सुरु भएको राष्ट्रिय शिक्षा दिवस गणतन्त्र स्थापनापछि हरेक अन्तर ाष्ट्रिय साक्षरता दिवस (सेप्टेम्बर ८) कै दिन मनाउन थालिएकामा २०७६ सालदेखि दुई दिवसलाई अलगअलगरुपमा मनाउने निर्णय भए पनि राष्ट्रिय दिवसको मिति निर्धारण हुन सकेको थिएन।

राष्ट्रिय दिवसको नयाँ मिति निर्धारणको निर्णय मन्त्रिपरिषद्बाट प्राप्त भएपछि विभिन्न विश्वविद्यालयबाट विद्यावारिधी उपाधि प्राप्त गर्ने र स्नाताकोत्तर, स्नातक तहमा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार, राष्ट्रिय र प्रादेशिकरुपमा उत्कृष्ट विद्यालयलाई शिल्ड, ध्वजा र नगद पुरस्कार तथा शिक्षासेवी पुरस्कार दिनेलगायत कार्यक्रमको तयारीमा मन्त्रालय लाग्ने प्रवक्ता शर्माले जानकारी दिनुभयो।

## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०२/०९ को चलानी नं. ८६५ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इन्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०६/०७९-८० | प्रशिक्षक | मा.वि.(९-१०) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

१, शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा बी.एस्सी. एजी उत्तीर्ण गरेको हुनुपर्ने।
२, छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता।
३, उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति।
४, दरखास्त दस्तुरः रु २०००।- तिरेको सक्कल रसिद।
५, दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८० जेठ २३ गते कार्यालय समयभित्र।
६, तलब स्केलः नेपाल सरकारको नियमानुसार।
७, परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ।

विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२० भलाम, कास्की फोन नं. ०६१-६२१५६५**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मन चञ्चल | तुला | मानसिक तनाब |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सत्कार मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| कर्कट | सम्मान मिल्नेछ | मकर | शत्रुको भय |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | झमेला बड्ने |
| कन्या | आर्थिक समस्या | मीन | कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बन्यो चेपाङ सङ्ग्रहालय

पोखरापत्र संवाददाता
गोरखा, ९ जेठ

गोरखाको सहिद लखन गाउँपालिकामा चेपाङ समुदायको संस्कृति र परम्पराको संरक्षणका लागि चेपाङ सङ्ग्रहालय निर्माण गरिएको छ।

चेपाङ समुदायको बाहुल्यता रहेको वडा नं ४ स्थित डाँडागाउँमा लोप हुन लागेको उक्त समुदायको वेषभूषा तथा कला संस्कृतिको संरक्षणका लागि सङ्ग्रहालय निर्माण गरिएको वडाध्यक्ष यमबहादुर थापाले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा वडा कार्यालयले विनियोजन गरेर सङ्ग्रहालय निर्माणको काम सम्पन्न भएको उहाँले बताउनुभयो। "स्थानीयले निःशुल्क उपलब्ध गराएको जग्गासहितको क्षेत्रमा सङ्ग्रहालय निर्माण गरिएको हो", उहाँले भन्नुभयो, "उपभोक्ता समितिमार्फत निर्माण गरिएको सङ्ग्रहालय चेपाङ समुदायको संस्कृति झल्कने खालको घर निर्माण भएको छ।"

सङ्ग्रहालयमा अल्पसङ्ख्यक चेपाङ जातिको वेषभूषा, परम्परागतरूपमा प्रयोग गर्ने सामग्री राखिने उहाँले बताउनुभयो। "पछिल्लो समय चेपाङ समुदायले परम्परागतरूपमा प्रयोग गर्ने सामग्री लोप हुने अवस्थामा छ", वडाध्यक्ष थापाले भन्नुभयो, "आगामी पुस्ताले ती सामग्री र संस्कृतिका बारेमा जान्न र बुझ्नसमेत नपाउने अवस्था भइसकेकाले त्यसको संरक्षण स्थानीयस्तरबाटै भए पनि गर्नुपर्छ भन्ने उद्देश्यले सङ्ग्रहालय निर्माण गरिएको हो।"

सहिद गाउँपालिकाको डाँडागाउँ चेपाङ समुदायको मात्र बसोबास रहेको ठाउँ हो। "उक्त स्थानमा चेपाङको मात्र बस्ती छ, अन्य जातिको बसोबास नै छैन", उहाँले भन्नुभयो, "ढाडेगाउँ, डाँडागाउँ, तेस्रेगाउँमा सबै चेपाङ समुदायमा बस्दै आएका छन्।" निर्माण सम्पन्न गरिएको सङ्ग्रहालयको संरक्षणको जिम्मेवारी पनि चेपाङ समुदायलाई दिइएको उहाँले जानकारी दिनुभयो।

सङ्ग्रहालयमा चेपाङ समुदायले परम्परागतरूपमा प्रयोग गर्ने वेषभूषा, भाड्या, जङ्गलमा गिट्ठा टिप्न जाँदा प्रयोग गर्ने सामग्री, चमेरो मार्न प्रयोग गर्ने सामग्रीलगायतका सबैखालका परम्परागत सामग्री राखिने उहाँको भनाइ छ। सङ्ग्रहालयमा हरेक वर्ष चेपाङ समुदायले वर्षमा एकपटक मनाउने न्वागी पर्वका दिन सोही स्थानमा कार्यक्रमको आयोजना गरी मनाउने तथा समुदायको क्षमता विकासका लागि छलफल तथा बैठक गर्नका लागि प्रयोग हुने वडाध्यक्ष थापाको भनाइ छ।

"चेपाङहरूको परम्परागत वेषभूषामा महिलाका लागि गुन्युचोलो, पुरुषका लागि दौरा-कछाड र त्यसमा जाली भरिएको स्कोटो हो। साथमा पछाडिपट्टि कम्मरमा काठको खुर्पीठ्याक भिरिएको हुन्छ। त्यसको संरक्षण पनि सङ्ग्रहालयमार्फत अब हुन्छ", उहाँले भन्नुभयो। त्यस्तै परम्परागत चेपाङ समुदायको गरगहनाका रूपमा मुगा, होरमालालाई लिइन्छ। यस्ता गरगहना लगाउने परम्परा पनि विस्तारै उक्त समुदायबाट लोप हुँदै गएको छ। आफ्नो परम्परा र संस्कृतिको लोप हुन नदिन स्थानीय सरकारको पहलमा सङ्ग्रहालय बनेपछि चेपाङ समुदाय पनि खुसी भएको स्थानीय जगबहादुर चेपाङले बताउनुभयो।

# हावाहुरीले कागती खेती नष्ट

पोखरापत्र संवाददाता
दमौली, ९ जेठ

केही दिनदेखि आएको हावाहुरीसहितको वर्षाले तनहुँको व्यास नगरपालिका-१३ आशापानीमा कृषकले लगाएको कागती खेतीमा नोक्सान पुर्‍याएको छ।

स्थानीयवासी राजु रेग्मीले व्यावसायिकरूपमा सुरु गर्नुभएको कागती खेतीमा हावाहुरीले नोक्सानी गरेको हो। छब्बीस रोपनी क्षेत्रफलमा एक हजार बोट लगाएकामा हावाहुरीले तीन सय बोट नष्ट गरेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार २६ रोपनी क्षेत्रफलमा व्यावसायिकरूपमा कागती खेती गरिएको छ। किसान रेग्मीले भन्नुभयो, "हावाहुरीले धेरै ठूलो क्षति पुगेको छ, तीन सयभन्दा बढी बोट भाँचिएको छ, बगैँचा ध्वस्त बनाएको छ।" कृषिमा केही गर्छु भन्ने सोच राखेर अगाडि बढ्दा प्रकृतिबाट ठगिएको उहाँले गुनासो गर्नुभयो। चार वर्ष कोरिया बसेर फर्किनुभएका उहाँले कागतीलाई नै मुख्य पेसा बनाउने सोचसहित अगाडि बढ्नुभएको छ। हालसम्म रु ३५ लाख लगानी भएको उहाँले बताउनुभयो। अघिल्लो वर्ष रु पाँच लाखको कागती बिक्री गरेकामा यस वर्ष रु २५ लाखको बिक्री गर्ने लक्ष्य थियो। उहाँले भन्नुभयो, "कागती राम्रो फलिरहेको थियो, यो वर्ष विस्तार पनि गरेको थिएँ, तर हावाहुरीले बोटहरू जरैदेखि भाँचिएको छ।" कृषिप्रधान देश भनिए पनि कृषिमा सम्बन्धित निकायमा कम चासो रहने गरेको उहाँले गुनासो गर्नुभयो। कृषि ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले हावाहुरीले जिल्लाका विभिन्न ठाउँमा तरकारी बालीमा क्षति पुगेको जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाभर क्षतिको विवरण सङ्कलन भइरहेको छ। कृषिमा पुगेको क्षतिको मूल्याङ्कन गरेर कृषकलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ। "हामी सम्बन्धित निकायमा यसबारेमा जानकारी गराउँछौँ, कृषकलाई क्षतिपूर्तिको व्यवस्था नगर्ने हो भने उहाँहरू कृषि पेसाबाटै विमुख हुनुपर्ने अवस्था आउन सक्छ", उहाँले भन्नुभयो। आशापानीका कागती खेती कृषकको बगैँचामा पुगेर अवलोकन गर्दा धेरै ठूलो क्षति भएको जानकारी पाएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कृषकले राम्रो व्यवस्थापनका साथ कागती खेती गर्नुभएको थियो, बगैँचा व्यवस्थापन आकर्षण छ, तर हावाहुरीले एकतिहाइ बोट जरैदेखि नष्ट गरिदियो।"पछिल्लो समय कृषिमा युवाहरूको आकर्षण बढिरहेकाले युवालाई कृषि क्षेत्रमा टिकाइराख्नुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ। जिल्लाभरको हावाहुरीको क्षतिको विवरण आइनसकेको भन्दै उहाँले भन्नुभयो, "हामीले स्थलगतरूपमा क्षतिको विवरण सङ्कलनको काम गरिरहेका छौँ।" व्यास नगरपालिकाले हावाहुरी, असिनापानीका कारण भएको क्षतिको विवरण सङ्कलन गर्न लागेको छ। केही दिन अगाडि आएको हावाहुरी, असिनापानीका कारणले नगरपालिका क्षेत्रका विभिन्न वडामा पारेको असरको विवरण सङ्कलन गरी सात दिनभित्र वडा विपद् समितिबाट निर्णय गराई नगर विपद् समितिमा सिफारिस गर्न सबै वडा समितिलाई निर्देशन दिइएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो।

# फेरिएको कुश्मिसेरा बजार

पोखरापत्र संवाददाता
ढोरपाटन, ९ जेठ

एक दशक अगाडिसम्म दक्षिण बागलुङको कुश्मिसेरा बजारमा स-साना ढुङ्गा, माटो र काठले बनेका घर थिए। बजारका एक/दुई ठाउँमा मात्रै सिमेन्टका पक्की भवन रहेकामा अहिले बजारको चारैतिर कङ्क्रिटका ठूला-ठूला भवन ठडिएका छन्। कतिपय ठाउँमा धमाधम भवन निर्माण भइरहेका छन्।

पहिले गाउँ कुश्मिसेरा अहिले बजारमा रुपान्तरण भएको छ। सडक सञ्जालको विस्तारसँगै यहाँ ठूलो परिवर्तन आएको छ। कुश्मिसेरा दक्षिण बागलुङको ठूलो व्यापारिक केन्द्र हो। एक दशक अगाडिसम्म कुश्मिसेरा बजारका व्यापारीलाई व्यापार गर्न भ्याइनभ्याइ हुन्थ्यो। जब गाउँ-गाउँमा मोटरबाटो पुग्न थाले, तब कुश्मिसेरा बजारमा व्यापार घट्दै गयो। जैमिनी नगरपालिकाको केन्द्रसमेत रहेको कुश्मिसेरा विसं २०६२ मै सडक सञ्जालले जोडिएको थियो। सडक सञ्जालले जोडिएको लामो समयपछि यातायातका साधन सञ्चालन भएको थियो। त्यसभन्दा पहिले पर्वतको कुश्मा बजारबाट स्थानीयवासीले दैनिक उपभोग्य सामान बोकेरै उपभोग गर्दै आएका थिए। सडकले जोडिएको १८ वर्षपछि कुश्मिसेरामा परिवर्तन आएको हो। पहिले साँघुरा रहेका सडक फराकिला बन्दै छन् भने बजार क्षेत्रमा ढल व्यवस्थापनलगायत काम पनि भइरहेका छन्। बजार क्षेत्रका खाली जग्गामा पनि अहिले भवन निर्माण भइरहेका छन्। तीव्ररूपमा बजारीकरण हुन थालेपछि गाउँबाट पनि यहाँ बसाइँ सर्ने क्रम बढेको छ।

नगरपालिका स्थापना भएपछि धेरै सेवा सुविधा पनि थपिँदै गएका छन्। गाउँ-गाउँमा पुग्ने सडकको मुख्य केन्द्र कुश्मिसेरा पर्ने हुँदा समय-समयमा निकै चहलपहलसमेत हुने गर्दछ। पछिल्लो १० वर्षमा कुश्मिसेरा धेरै बदलिएको स्थानीय क्याप्टेन पदमबहादुर श्रीसले बताउनुभयो। उहाँले पहिले यहाँ स-साना दोकान मात्रै रहेकामा अहिले ठूला-ठूला पसल र होटलसमेत खुलेका छन् भन्नुभयो। पहिले कुश्मिसेराको माथिल्लो क्षेत्रमा मात्रै सानो बजार रहेकामा अहिले तल्लो क्षेत्रमा पनि बजार विस्तार भइरहेको छ। डेढदशक अगाडिसम्म सदरमुकाम आउन जान निकै समस्या हुने गरेकामा अहिले साढे एक घण्टामै बागलुङ पुग्न सकिन्छ केही वर्षयता यसक्षेत्रमा तीव्ररूपमा विकासले गति लिइरहेको र सडक, खानेपानी, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा पनि परिवर्तन हुँदै गएको क्याप्टेन श्रीसले बताउनुभयो।

स्थानीयवासी देवेन्द्र चालिसेले बजार तीव्ररूपमा विस्तार भए पनि व्यापार खस्किँदै गएको बताउनुभयो। पहिले सडक कमजोर हुँदा ठूला गाडी नचल्ने गरेकामा अहिले ठूला-ठूला बस पनि बजार क्षेत्रबाट चल्ने गरेको र गाउँबाट दिनदिनै मान्छे बजार झर्न थालेकाले चपहलपहल बढिरहेको उहाँको भनाइ थियो।

स्थानीय सरकार आएपछि बजार क्षेत्रमा ठूलो परिवर्तन भएको छ पहिले खानेपानी अभाव हुने गरेको सडक अव्यवस्थित हुँदा स्थानीयवासीले समस्या भोग्नु परेकामा अहिले सबै समस्या समाधान हुँदै गएको छ। "नगरपालिका बनेपछि बजारमा धेरै सुधार भएको छ, पहिला कच्ची सडक थियो, गाडी गुड्दा धुलोले पसल नै ढाक्ने गर्थ्यो, ढल व्यवस्थापन भएको थिएन," चालिसेले भन्नुभयो, "अहिले त्यो समस्या सबै हटेको छ, बजार पनि राम्रो बन्दै गएको छ, सडक पनि फराकिलो र धुलो नउड्ने भएका छन्, अहिले व्यापार अलि कम हुन थालेको छ, पहिले गाउँमा गाडीका गाडी सामान लैजान्थे अहिले सामान लैजाने सबै बजार झर्ने त्यहाँ भएर व्यापार घटेको हो।" जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले पछिल्लो एक दशकयता कुश्मिसेरा बजार निकै परिवर्तन भएको बताउनुभयो। उहाँले दिनदिनै बजार विस्तार भइरहेकाले यसलाई व्यवस्थित गर्न नगरपालिका लागिपरेको बताउनुभयो। बजार क्षेत्रको सुरक्षाका लागि सिसी क्यामराको व्यवस्था, सडक बत्ती जडान, बजार क्षेत्रमा अव्यवस्थित तारको व्यवस्थापन र घर बनाउन मापदण्डसमेत बनाइएको उपप्रमुख शर्माको भनाइ थियो।

# म्याग्दीको ढकायो विदेशमा कोसेली

पोखरापत्र संवाददाता
म्याग्दी, ९ जेठ

म्याग्दीको उच्च पहाडी क्षेत्रको जङ्गलमा पाइने ढकायो साग कोसेलीका रूपमा विदेशसम्म पुग्न थालेको छ। रोजगारी, पेसा, व्यवसाय र अध्ययनका सिलसिलामा विश्वका विभिन्न देशमा पुगेका म्याग्देलीहरू र म्याग्दी घुम्न आउने स्वदेशी तथा विदेशी पाहुनाले ढकायोलाई कोसेलीका रूपमा लैजाने गरेका हुन्।

अन्नपूर्ण गाउँपालिका-३ काफ्लेको सुकमाया बुढाथोकीले बेलायत, हङकङ, जापानलगायत देशमा ढकायो पठाउने गरेको बताउनुभयो। "विदेशमा रहेका आफन्तलाई कोसेली पठाउन दुई जनालाई एक दिनको ज्याला दिएर जङ्गलबाट ढकायो टिप्न लगाई सुकाएर राखेको छु", उहाँले भन्नुभयो, "घुम्न आउने पर्यटकहरूले पनि किनेर लैजान्छन्।" मुस्ताङ जाने र फर्कने स्वदेशी पाहुनाहरूले पनि ढकायोको साग किनेर कोसेली लैजाने गरेका र विदेशमा भएका आफन्तले माग गरेपछि हरियो ढकायो टिपेर सुकाई गुन्द्रुक बनाएको बुढाथोकीले बताउनुभयो। उहाँले करिब एक सय किलोग्राम ढकायोको गुन्द्रुक बनाएर राख्नुभएको छ।

विदेशमा म्याग्देलीले सञ्चालन गरेका रेष्टुराका मेन्युमा ढकायोको गुन्द्रुक परिकारका रूपमा पाइन्छ। स्वादिलो, तागतिलो, पोषिलो र स्वस्थकर हुने भएकाले विदेश तथा देशका विभिन्न बजार क्षेत्रमा ढकायोको गुन्द्रुकको माग बढेको हो। बेनीको कोसेली घरकी सञ्चालक पुष्पा पुनले म्याग्दी घुम्न आउने पाहुनाहरूले ढकायोकै गुन्द्रुक किनेर लैजाने गरेका बताउनुभयो। जेठ महिना ढकायोको साग सङ्कलन गर्ने याम हो। म्याग्दीको दाना, नारच्याङ, शिख, घार, हिस्तान, राम्चे, कुइनेमङ्गलेका बासिन्दा ढकायो सङ्कलन गर्न जङ्गल जान थालेका छन्। दुई हजार पाँच सयदेखि तीन हजार मिटर उचाइमा ढकायोको साग पाइन्छ। बिहानै उठी जङ्गल गएर साँझ बोरामा एक भारी ढकायो लिएर आउन सकिने अन्नपूर्ण-३ काफ्लेका रामु बुढाथोकीले बताउनुभयो। हरियो र ताजा ढकायो सागलाई कुटेर तीन दिनसम्म चर्को घाममा सुकाइन्छ र यसलाई प्लास्टिक तथा बट्टामा प्याकिङ गरेर राखेपछि एक वर्षसम्म प्रयोग गर्न सकिन्छ। आलुलगायत अन्य प्रजातिका तरकारीमा मिसाएर उपभोग गर्न सकिने ढकायो सुकाउने क्रममा पानीबाट बचाउन ध्यान दिनुपर्ने दाना काफ्लेका बमबहादुर राम्जालीले बताउनुभयो। बजारमा माग आएपछि खेर गइरहेको ढकायोको साग आम्दानीको स्रोत बनेको छ। ढकायो सङ्कलन गरेर एकै दिनमा दुईदेखि तीन हजारसम्म आम्दानी गर्न सकिने उहाँको भनाइ थियो।

# रोकामगरलाई ओम शान्तिद्वारा आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

उपचार खर्चको अभावमा गण्डकी मेडिकल कलेजको सर्जिकल वाडमा छटपटाइरहेकी तमकुमारीलाई पोखरा आध्यात्मिक तथा सिप विकास केन्द्र पोखराले १५ हजार नगद सहयोग स्वरूप हस्तान्तरण गरेको छ।

तमकुमारीका पति विकल रोकामगरलाई ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय ओम शान्तिको संरक्षित संस्था पोखरा आध्यात्मिक तथा सिप विकास केन्द्रका अध्यक्ष ब्रह्मकुमार मनिराज पोखरेलले अस्पतालमा पुगेर उक्त रकम हस्तान्तरण गरेका हुन्। पोखरेलले रकम अभावका कारण उपचारमा कठिनाइ आएको समाचार अखबारमा पढेपछि मानवता अझै मरेको छैन् मानवीय सहयोग गरौँ भन्ने ध्ययले आएको बताए।

पोखरेललाई साथ दिन पोखरा १० का बेलायती भूपू सैनिक ८६ वर्षीय टेकबहादुर गुरुङ लौरो टेकेर तमकुमारीलाई भेट्न अस्पताल शैयामा पुगेपछि ७ हजार २ सय नगद दिदै भने 'नातिनी हरेस नखानु छिट्टै होसमा आएस्, मेरो आशीर्वाद लागोस्।' खेतीपाती र घरगृहस्थी चलाइरहेकी २२ वर्षकी तमकुमारी गत बैशाख २६ गते मङ्गलबार घाँस काट्न जाँदा भीरबाट लडेर गम्भीर घाइते भएकी हुन्। तमकुमारी रोका मगर म्याग्दीको मालिका गाउँपालिका वडा नं. ३ पाल्लेकी रैथाने वासिन्दा हुन्। पोखरामा उपचाररत तमकुमारीका ८ महिनाकी छोरी र ४ वर्षका छोरा अहिले गाउँमै छन्। पति विकल रोकामगरले उपचारको लागि २५ हजार जोहो गरेका थिए। एम्बुलेन्समा पोखरा ल्याउँदा १२ हजार सकियो। आमा चन्द्रकली पुनमगरले ३० हजार ऋण खोजेर छोरीको उपचारमा पहल गरिन्। परिवारसँग भएको रकम सकिएपछि थप उपचारका लागि भौतारिएका विकललाई साथ दिइरहेकी छन् सामाजिक अभियन्ता तथा आफन्ती भीमसरा घर्तीमगरले। भीमसराको पहलमा स्थानीय व्यक्ति, संघसंस्था, मालिका गाउँपालिकाको कार्यालय र कतारमा रहेका नेपालीले सहयोग गर्दा ३ लाख ७ हजार २ सय ५ सङ्कलन भएको छ।



भीरबाट लडेर अचेत भएकी तमकुमारीको टाउको, अनुहार, घाँटी र दाहिने हातमा गम्भीर चोट लागेको थियो। उनलाई तत्काल उपचारका लागि दरबाङ प्राथमिक स्वास्थ्य उपचार केन्द्र लगियो। दरबाङले उनलाई पोखरा रिफर गर्‍यो। पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा आइसियु कक्षको अभाव भएपछि आमा चन्द्रकली पुनले गण्डकी मेडिकल कलेजमा ल्याइन तर उपचारका लागि पैसाको अभाव भएपछि फेरि क्षेत्रीय अस्पतालको सर्जरी वार्डमा सारियो। सहयोगी मनहरूले पैसा जुटाइ दिएपछि अहिले उनको जिएमसीमा उपचार भइरहेको छ। उनी अहिले मानसिक रोगको सिकार भएको कुरा पारिवारिक स्रोतले जनाएको छ। काखमा राखेर दुध खुवाउने ८ महिनाकी छोरीलाई समेत न त खोजेकी छन्, न त संभन सकेकी छन्।

बाग्लुङ ताराखोलाका रमन घर्तीमगरले ३५ हजार ५ सय ५० रुपैयाँ सहयोग गर्दै भने मानसिक अवस्था बिग्रिएका कारण उनी बोलचाल गर्न असमर्थ भएकी छन्। उनलाई थप उपचारका लागि अर्को अस्पताल लैजानु पर्ने अवस्था छ। सबैको सहयोग पाएमा उनको उपचार सम्भव भएकाले मनकारी मनसँग परिवारले सहयोगको अपेक्षा गरेका छ।

# आँबुखैरेनीमा निर्माण गरिएको झोलुङ्गे पुलमा साहसिक खेल सञ्चालन गरिने

पोखरापत्र संवाददाता
तनहुँ, ९ जेठ

जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ मा पर्ने समस्तीपुर र बरडाँडालाई जोड्ने गरी खुदी खोलामा निर्माण गरिएको नेपालकै दोस्रो अग्लो झोलुङ्गे पुलमा साहसिक खेल सञ्चालन गरिने भएको छ।

स्थानीय खुदीखोलाको सतहबाट दुई सय ७५ मिटर उचाइमा रहेको यस पुलमा एडभेन्चर स्पोर्ट्स खेलको रूपमा विकास गर्ने योजना रहेको गाउँपालिका कार्यालयले जनाएको छ। उक्त पुलसम्म जाने सडकको स्तरोन्नति गर्दै बञ्जी जम्प, जीपलाइन लगायतका साहसिक खेलका रूपमा विकास गर्न डिपीआरको तयारी भइरहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। "यसको सम्भाव्यता अध्ययन गरेर थप साहसिक खेल जोड्नका लागि तयारी गरिहेका छौँ", उहाँले भन्नुभयो, "यसको विकाससँगै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएका छौँ।" उक्त पुलको आडैमा रहेको गिरानचौरको गुरुङ बस्तीलाई पर्यटकीय गाउँका रूपमा विकास गर्न गाउँपालिकाले रु ३० लाख बजेट विनियोजन गरिसकेको छ। सोही स्थान नजिकै रहेको आँधीमूल मन्दिरमा तालसहितको आँधीमूल निर्माण गर्न लागेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो। उक्त स्थानमा पर्यटन प्रवर्द्धन गर्न सकिए त्यस क्षेत्रका नागरिकलाई आर्थिक क्षेत्रमा सबल बनाउन सकिने विश्वास गरिएको उहाँले बताउनुभयो।

दुई सय २० मिटर लामो यो पुल बनेसँगै यहाँका स्थानीय बासिन्दाले एक घण्टाको दूरी दुई मिनेटमा नै पार गर्न सक्ने भएका छन्। खुदी खोलाको खोल्सा वरिपरि रहेका यी दुई गाउँबीच मेलापात र लेनदेन हुँदै आए पनि आवातजावत गर्न घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेकामा पुल बनेपछि सहज भएको छ। तरकारी उत्पादनको पकेट क्षेत्रका रूपमा मानिएको समस्तीपुरका कृषकले यसअघि बरादी बजारसम्म उत्पादित वस्तु ढुवानीका लागि समस्या खेप्दै आएका थिए। दुई गाउँलाई जोड्ने गरी अग्लो स्थानमा पुल बनेसँगै पछिल्लो समय यहाँ घुम्न र फोटो खिचाउन आउनेको आकर्षण बढ्दै गएको छ। यो पुल पर्वत कुस्मामा रहेको पुलको उचाइभन्दा एक सय नौ मिटर अग्लो र मनाङको नासो गाउँपालिकास्थित डोनाखोलाको पुलभन्दा एक सय ३७ मिटर कम उचाइमा रहेको छ।

नेपालमा सबैभन्दा अग्लो पुल मनाङको नाचे गाउँ र थोचेँ गाउँ जोड्ने पुल हो। यो पुल सतहबाट चार सय १२ मिटर उचाइमा रहेको छ।